**मिति २०८२/१२/२५ गते बुधबार, १९० औं कार्यपालिका बैठक**

**प्रस्तावहरु:**

१. नयाँ वर्षको शुभकामना सम्बन्धमा।

२. अघिल्लो बैठकको निर्णयको समिक्षा सम्बन्धमा।

३. आर्थिक वर्ष २०८१/८२ को स्थानीय तह कार्यसम्पादन मूल्याङ्कनको नतिजा सम्बन्धमा।

४. कार्यविधि पेश तथा संशोधन सम्बन्धमा।

५. नगर शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

६. विद्यालय व्यवस्थापन समितिको सदस्य मनोनित गर्ने सम्बन्धमा।

७. बैकल्पिक सहायक राजमार्ग कार्यक्रमको लागि सडकहरुको नामावली पठाउने सम्बन्धमा।

८. निरु डि.सी.को अध्ययन विदा स्वीकृतीका लागि सिफारिस सम्बन्धमा।

९. आर्थिक सहयोग सम्बन्धमा।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

**निर्णय नं. १**

नयाँ वर्ष २०८३ सालको पावन अवसरमा समस्त नगरवासीहरु तथा देश विदेशमा रहनु हुने सबै नेपालीहरुमा सुख, शान्ति, समृद्धी एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो। साथै आगामी नयाँ वर्षमा हामी सबैमा नयाँ उत्साहका साथ काम गर्ने जागर अझ बढी मिलोस भनि सबैमा शुभकामना व्यक्त गरियो।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समीक्षा गरियो ।

**निर्णय नं. ३**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८२/११/१९ गते चलानी नं. २९४ को पत्र बमोजिम आर्थिक वर्ष २०८१/८२ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कनका लागि सम्बन्धित महाशाखा/शाखाहरुले प्रणालीमा विवरणहरु प्रविष्टी गरी प्राप्त भएको प्रारम्भिक नतिजामा जिल्ला समन्वय समिति समेतबाट पृष्ठपोषण प्राप्त भई प्रणालीमा तयार भएको स्वःमुल्याङ्कनको अन्तिम नतिजा उपर छलफल गरियो। सो अन्तिम नतिजा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने।

**निर्णय नं. ४**

४.१ घोराही उपमहानगरपालिका अन्तर्गत सामुदायिक विद्यालयहरुमा करार सेवामा शिक्षक तथा कर्मचारी नियुक्ती सम्बन्धी कार्यविधि २०८२ पेश गरियो। सो सम्बन्धमा राय सुझाव सहित अर्को बैठकमा पेश गर्ने।

४.२ घोराही उपमहानगरपालिकाको सामाजिक विकास महाशाखाबाट पेश भएका तपसिल बमोजिमका कार्यविधिहरुको तपसिल बमोजिमका संशोधन प्रस्ताव स्वीकृत गर्ने।

तपसिलः

1. वृत्ति मार्गनिर्देशन सेवा सञ्चालन सम्बन्धी कार्यविधि २०८१मा संशोधन पेश भए बमोजिम स्वीकृत गर्ने।

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत



नरुलाल चौधरी
नगर प्रमुख

रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

२. घोराही उपमहानगरपालिका स्तरिय आधारभुत तहको अन्तमा लिइने परीक्षा संचालन/निर्देशिका २०७४ मा अनुसूची १ थप गरी संशोधन पेश भए बमोजिम स्वीकृत गर्ने।

**निर्णय नं. ५**

मिति २०८२/१२/२४ गते बसेको नगर शिक्षा समितिको बैठकबाट भएको निर्णयहरु अनुमोदन गर्ने।

**निर्णय नं. ६**

श्री बाल विकास माध्यमिक विद्यालय, घोराही-१४, दाङको मिति २०८२/१२/१९, चलानी नं. २१४ को पत्र मार्फत नगर स्तरीय नमूना विद्यालयको विद्यालय व्यवस्थापन समिति गठनका लागि अभिभावक भेलाबाट चारजना छनौट भैसकेकोले बाँकी सदस्यहरु घोराही उप-महानगरपालिकाको शिक्षा ऐन २०७५ को पहिलो संशोधन २०७९को दफा २० क को उपदफा १ ग अनुसार एक जना महिला सहित तिन जना सदस्यहरु मनोनित गरी दिनका लागि अनुरोध भएको हुँदा तपसिल बमोजिमको व्यक्तिहरुलाई श्री बाल विकास माध्यमिक विद्यालय, घोराही-१४, दाङको विद्यालय व्यवस्थापन समितिमा सदस्य मनोनित गर्ने।

तपसिलः

१. ईश्वर बहादुर बुढा
२. देविराम न्यौपाने
३. कमला देउजा

**निर्णय नं. ७**

स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, लुम्बिनी प्रदेश, बुटवलको मिति २०८२/१२/१०, चलानी नं. ५३० को पत्रानुसार बैकल्पिक सहायक राजमार्ग कार्यक्रमको लागि समभाव्य देखिएका डि.पि.आर. भएका सडकहरुको नामावली पठाउन पत्राचार भएको सन्दर्भमा तपसिल बमोजिमका सडकहरुको नामावली बैकल्पिक सहायक राजमार्ग कार्यक्रममा समावेश गर्नका लागि स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयमा पठाउने।

तपसिलः

१. वडा नं. ३ कुईरिपानी-धारपानी-डाँगीगाँउ हुँदै तुलसीपुर जोड्ने सडक
२. घोराही-म[illegible]ना-बाम्ला खोला-पाँच पोखरी हुँदै सैघा जोड्ने सडक



रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत

नरुलाल चौधरी
नगर प्रमुख

निर्णय नं. ८

घोराही उपमहानगरपालिका अन्तर्गत संस्थागत परिवार नियोजन क्लिनिकमा कार्यरत बरिष्ठ अस्पताल नर्सिङ निरीक्षक श्री निरु डि.सी.ले नर्सिङ संकायको स्नातकोत्तर तहको प्रवेश परीक्षामा सहभागी हुन घोराही उपमहानगरपालिकाबाट पूर्व स्वीकृती लिई उक्त परीक्षामा सफल भई नेपाल सरकारको सरकारी छात्रवृत्ति कोटा अन्तर्गतको नेपलीज आर्मी इन्स्टीच्युट अफ हेल्थ साइन्समा भर्ना भएकोले र २०८३ साल बैशाख १० गतेबाट कक्षा संचालन हुने सूचना समेत जारी भैसकेकोले २०८३ बैशाख १० गते देखि लागु हुने गरी २ वर्षको लागि तलबी अध्ययन विदाको लागि सिफारिस गरी दिनका लागि निवेदन दिनु भएकोले स्थानीय निजामती सेवा ऐन, २०८१को दफा ६० बमोजिम हुने गरी ऐ.ऐनको दफा ६४ बमोजिम मिति २०८३/०१/१० देखि २०८५/०१/०९ सम्म दुई वर्ष अध्ययन विदा स्वीकृतीका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी)मा सिफारिस गर्ने।

निर्णय नं. ९

९.१ घोराही उपमहानगरपालिकाका १७ नं. वडा कार्यालयको सिफारिससाथ औषधी उपचारको लागि आर्थिक सहयोग गरिदिनका लागि माग गर्नुभएको विपन्न नागरिक घोराही उप-महानगरपालिका, वडा नं. १७ पचुर्खा निवासी सुसन चौधरीको परिवारलाई रु.१०,०००।–सम्म खर्च भएको बिल अनुसार आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

९.२ दाङ चेम्बर अफ कमर्श, घोराही दाङको मिति २०८२/१२/१६, चलानी नं. १८०।८२को पत्र मार्फत हरितालिका तिजको अवसारमा दर खुवाउने कार्यक्रम साथै नेपाल चेम्बर अफ कमर्शको ७५औं हीरक जयन्ती तथा स्थापना दिवस मनाउनका लागि रु. ५४,८०५।– सम्म खर्च भएको बिल अनुसार आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

९.३ घोराही उप-महानगरपालिका ११ नं. वडा कार्यालयको मिति २०८२/१२/१९, चलानी नं. १६६८ को पत्रानुसार वडा नं. ११मा अवस्थित अस्थायी प्रहरी चौकी हापुर शिवपुरमा आवश्यक पर्ने समान तथा इन्टरनेट शुल्कको लागि रु. २९,३५०।– खर्च भएको र उक्त कार्यालयको आन्तरिक स्रोतमा बजेट नभएकोले भुक्तानी गर्न समस्या परेको हुँदा खर्च भएको बिल अनुसार भुक्तानीको लागि ११ नं. वडा कार्यालयले सिफारिस गरेको हुँदा अस्थायी प्रहरी चौकी हापुर शिवपुरलाई समान तथा इन्टरनेट शुल्कको बिल अनुसार रु. २९,३५०।– सम्मको आर्थिक सहायता घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।